बैठक संख्या ५१

मिति २०७७।०३।०५

आज मिति २०७७।०३।०५ गतेका दिन दिउसो २.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल लेखा अधिकृत

श्री गोविन्द प्रसाद पौडेल

श्री दुर्गा बहादुर राना

# देवघाट गाउँपालिका

**वैठक संख्या ५१** **मितिः २०७७/०३/०५**

**प्रस्तावहरुः**

१. समीक्षा.............
२. नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।
३. बजेट स्वीकृत सम्बन्धमा ।
४. नदीघाट ठेक्का दोस्रो, तेस्रो किस्ता आउन बाँकी, निवेदन, अनुगमन समिति गठन सम्बन्धमा
५. फलामे चुल्हो वितरण सम्बन्धमा
६. ङाल्दीघाट छिपछिपे भञ्ज्याङ्ग सुन्तलामार्ग मर्मत २,५०,०००.०० गत वर्ष भुक्तानी दिन बाँकी सम्बन्धमा
७. पि.सि.आर. टेष्ट मेशिन खरिद सहयोग सम्बन्धमा
८. योजना परिवर्तन सम्बन्धमा: बजेट ६४ लाख सम्बन्धमा
९. नदीघाटबाट नदीजन्य पदार्थ झिक्ने सम्बन्धमा
१०. सहकारी अनुदान सम्बन्धमा
११. कार्यालय सञ्चालन सम्बन्धमा

**निर्णयहरुः**

१. गाउँ सभा तयारी, योजना कार्यान्वयन सम्बन्धमा समीक्षा गरीयो ।
२. देवघाट गाउँपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम स्वीकृत गरीयो र गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।
३. देवगाट गाउँपालिकाको आ.व. २०७७/०७८ को वजेट स्वीकृत गरीयो र गाउँ सभामा पेश गर्ने निर्णय गरीयो ।
४. आ.व. २०७६/०७७ मा यस गाउँपालिकाको वडा नं. ५ त्रिशुली नदी भुवनटारघाट र वडा नं. ५ कालीगण्डकी नदी कालीभतेरी घाटबाट नदीजन्य पदार्थ उत्खननको ठेक्का लिएको सन्ध्या सन्देश निर्माण सेवाले लकडाउनको कारणले उक्त दुवै ठाउँबाट नदीजन्य पदार्थ उत्खनन शुरु गर्न नसकिएकोले आगामी आ.व. मा सोही परिणाम उत्खनन गर्न दिनु हुन वा राजश्व रकम फिर्ता गरिदिन हुन भिन यस गाउँपालिकामा निवेदन दिएकोले यस सम्बन्दमा नदीघाटमा गई अनुगमन गरी अध्ययन गरी बुझी प्रतिवेदन र सिफारिस गर्नका लागि देहाय अनुसारको एक समिति गठन गरिएको छ । समितिको सिफरिस प्राप्त भएपछि कार्यपालिकाको अर्को पटक बस्ने वैठकमा छलफल र निर्णय गर्ने निर्णय गरियो ।

**तपशिल:**

क) उपाध्यक्ष श्री बिमला थापा - संयोजक
ख) ५ नं. वडाध्यक्ष श्री याल बहादुर गुरुङ - सदस्य
ग) ४ नं. वडाध्यक्ष श्री पदम बहादुर गुरुङ - सदस्य
घ) राजश्व इकाई प्रमुख श्री उमानाथ ढकाल - सदस्य

बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ङ) पूर्वाधार शाखा प्रमुख श्री तिर्थराज ढुङ्गाना - सदस्य सचिव

५. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट प्राप्त निशुल्क फलामे सुधारिएको चुल्हो तपशिल अनुसारको वडामा तपशिल अनुसार पठाउने र वडा अध्यक्षले वडामा विपन्न दलित तथा जनजाति, अल्पसंख्यकलाई वितरण गर्ने निर्णय गरीयो ।

**तपशिल:**

वडा नं. १, २, ३ र ४ मा १४/१४ वटा

वडा नं. ५ मा १५ वटा

६. ङाल्दीघाट छिपछिपे भञ्ज्याङ्ग, सुन्तला मार्ग मर्मतको कामको गत आ.व.मा भुक्तानी दिन बाँकी २,३७,०००.०० (दुई लाख सैंतिस हजार) रकम यस आ.व. मा भुक्तानी दिने निर्णय गरीयो ।

७. तनहुँ जिल्लाका सबै स्थानीय तहहरुले एक पि.सि.आर. टेष्ट मेशिन खरिद गर्नको लागि यस गाउँपालिकाले रु. ५,००,०००/- (पाँच लाख) सहयोग दिने निर्णय गरीयो ।

८. राष्ट्रिय योजना आयोगबाट प्रस्ताव माग भए बमोजिम आ.व. २०७७/०७८ का लागि समपुरक अनुदानको लागि वडा नं. ४ को सिंच्याङ्ग सार्वाङ्ग साराङ्घाट मोटर मार्गलाई पहिलो प्राथमिकतामा राखि पठाइएकोमा अन्तर सरकारी वित्तीय हस्तान्तरण, आर्थिक वर्ष २०७७/०७८ का लागि २६३३४ शिर्षक ८०१०४३१४ बाट ११.४.२२.३६९३ देवघाट पुलको मुखदेखि वेणीसंगम जाने नदी पर्यटकीय मार्ग समेत बन्ने गरी तटबन्ध निर्माणको लागि ६४,००,०००/- (चौसट्ठी लाख) विनियोजन भएकोमा उक्त स्थानमा नदीको वहाव नै परिवर्तन गरी काम शुरु गर्न त्यती रकमबाट गर्न नसकिने, कोभिड-१९ को प्रभावले गर्दा राजश्वमा प्रभाव परेकोले गाउँपालिकाले लगानी गर्न नसक्ने हुँदा उक्त योजनालाई राष्ट्रिय योजनाको रुपमा राखी पूर्ण लगानी संघीय सरकारले गरिदिनको लागि र हाल समपुरकमा स्वीकृति भएको रु. ६४,००,०००/- (चौसट्ठी लाख) पहिलो प्राथमिकतामा परेको देवघाट-४ सिंच्याङ्ग सार्वाङ्ग साराङ्घाट मोटर मार्गको लागि योजना परिवर्तन गरिदिन सम्बन्धित निकायमा अनुरोध गरी लेखि पठाउने निर्णय गरीयो ।

९. वडा नं. १ र ५ मा केही पूर्वाधार योजना अन्तर्गत बाटो ग्राभेल गर्न बाँकी रहेकोले आषाढ १ गते देखि नदीघाट बन्द भएपनि गाउँपालिकाको वडा नं. १ र ५ को योजना इष्टिमेट अनुसारको ग्राभेल पायक पर्ने नदीघाटबाट झिक्न दिने निर्णय गरीयो ।

१०. सहकारी संस्थाको प्रवर्द्धन गर्नको लागि तथा कृषि उत्पादन र उत्पादकत्व बढाउनको लागि अनुदान दिने प्रयोजनको लागि सुचना प्रकाशन भएकोमा तपशिलका चार वटा सहकारीबाट निवेदन भएकोले कार्य प्रकृति र उत्पादन तथा उत्पादकत्वको आधारमा कार्यालयले अनुदान रकम तोकी चार वटै संस्थालाई उपलब्ध गराउने निर्णय गरीयो ।

क) देवघाट वचत तथा ऋण सहकारी संस्था लि.

ख) गोहीटार कृषि सहकारी संस्था लि.

ग) दक्षिण क्षेत्र दिगो विकास कृषि सहकारी संस्था लि.

घ) चक्रवर्ती सामाजिक उद्यम महिला सहकारी संस्था लि.

११. नेपाल सरकारबाट २ सिफ्टमा कार्यालय सञ्चालन गर्ने निर्णय भएकोमा यस गाउँपालिकाको गाउँसभा, सेवाग्राहीको चाप अनुसार र कामको प्रकृति र भुक्तानी प्रक्रियामा धेरै जसो कर्मचारी लगातार बस्नुपर्ने भएकोले एक सिफ्ट नै नियमानुसारको कार्यालय समयमा कार्यालय सञ्चालन गर्ने निर्णय गरीयो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत